# स्थानीय राजपत्र

मेलम्ची नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३) फाल्गुण १० गते, २०७७ साल) संख्या : १

## भाग-१

## मेलम्ची नगरपालिका सिन्धुपाल्चोक,
## बागमती प्रदेश, नेपाल

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ को उपदफा बमोजिम मेलम्ची नगरपालिकाको नगरसभाले (१)बनाएको “मेलम्ची नगरपालिकाको न्यायिक समितिको कार्यविधि सम्बन्धी (पहिलो संशोधन) २०७ ,ऐन७ ” सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७७ सालको ऐन नं .१**

न्यायिक समितिको कार्यविधि सम्बन्धी २०७ ,ऐन (पहिलो संशोधन) ७

नगर सभाबाट पारित मिति : २०७७/१०/२९

# न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७

**प्रस्तावना :** मेलम्ची नगरपालिकाको न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन, २०७५ , लाई संशोधन गर्ने वाछनीय भएकोले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ को उपदफा बमोजिम (१) मेलम्ची नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१ .**संक्षिप्त नाम र प्रारम्भ** यस ऐनको नाम मेलम्ची नगरपालिकाको (१) : न्यायिक समितिको कार्यविधि सम्बन्धी २०७ ,ऐन (पहिलो संशोधन) ७ रहेको छ।

यो ऐन स्थानीय राजप्रत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ। (२)

२ .**मेलम्ची नगरपालिकाको न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन ,२०७५ को दफा ६ को उपदफा (६) मा संशोधन :** (६) यस दफा बमोजिम निवेदन दिँदा सय रुपैयाँ दस्तुर लाग्नेछ।

३ .**मेलम्ची नगरपालिकाको न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन ,२०७५ को दफा २४ को उपदफा २ मा संशोधन :** (२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि निवेदकले चाहेमा न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेको विवादमा मेलमिलापको माध्यमबाट समाधानको लागि सिधै वडा स्तरको मेलमिलाप केन्द्रमा निवेदन दिन सक्नेछ।

(६) न्यायिक समितिसँग सम्बन्धित कार्यहरू गर्न गराउन र वडा मेलमिलाप केन्द्रलाई व्यवस्थापन र सहजीकरण गर्नका लागि नगरपालिकाको सबै वडाहरूमा वडा सदस्यहरू मध्येबाट एक जना सम्पर्क व्यक्ति तोक्न सक्नेछ।

(७) न्यायिक कार्य सम्पादनका सन्दर्भमा न्यायिक समितिले गरेका निर्णय/फैसला/सहमती कार्यान्वयन गराउन भूमिका निर्वाह गर्ने, न्यायिक

समिति र वडा मेलमिलाप केन्द्रको क्षेत्राधिकार, कार्यविधि लगायत विषयमा पक्षहरूलाई जानकारी गराउने र वडा मेलमिलाप केन्द्रको काममा सहयोग पुऱ्याउने लगायतका कार्य सम्पर्क व्यक्तिले गर्नुपर्नेछ ।

४. **मेलम्ची नगरपालिकाको न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन ,२०७५ को दफा ५० मा उपदफा थप गरिएको :** (१) ऐन सँग नबाझिने गरी निर्णयको कार्यान्वयनको लागि पक्षले दर्ता अधिकारी समक्ष निवेदन दिने, दर्ता अधिकारीले निर्णय कार्यान्वयन गरीदिनुहुन भनी निर्णय सहित के गरिदिनुपर्ने हो? सो कुरा खुलाई नगर कार्यपालिकालाई लेखी पठाउन पर्नेछ ।

(२) कार्यपालिकाले वडालाई लेख्नुपर्ने विषय भएमा वडालाई लेखी वडाबाट सेवा सुविधा आदि रोक्का गरी निर्णय कार्यान्वयन गराउन सक्नेछ ।

५ .**मेलम्ची नगरपालिकाको न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन, २०७५ को दफा ५६ को उपदफा (१) मा संशोधन :** (१) यस ऐन बमोजिम पक्षले आफ्नो तर्फबाट निवेदनको दर्ता, प्रतिउत्तर पत्रको दर्ता, तारिख बुझ्ने तथा विवाद सम्बन्धी अन्य लिखत प्रमाणहरू न्यायिक समितिसमक्ष पेश गर्ने कार्यको लागि अनुसूची-११ बमोजिम सम्बन्धित पक्षको निवेदनमा वारेस राख्न सक्नेछ ।

६. **मेलम्ची नगरपालिकाको न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन ,२०७५ को अनुसूची-७ को बुँदा नं. ६ मा संशोधन :** प्रतिउत्तर पत्र बापतको रु.१००/- यसैसाथ ल्याएको छु/छौँ ।

६. **मेलम्ची नगरपालिकाको न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन ,२०७५ को अनुसूची-११ थप गरिएको :**

अनुसूची-११

(दफा ५६ को उपदफा १ सँग सम्बन्धित)

वारेसनामाको ढाँचा

......... बस्ने ................ सँगको ............. मुद्दामा मेरो तर्फबाट ............. (प्रयोजन खुलाउने).... काम गर्नलाई ..... नगरपालिका वडा नं......., ....... टोल बस्ने वर्ष ... को ................ नागरिकता नं. .......... लाई वारेसनामा दिई वारेस नियुक्त गरेको छु । निज वारेस कानुन बमोजिम वारेस हुन योग्य हुनुहुन्छ । माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरेमा यो वारेसनामा बदर गरी कानुन बमोजिम भएमा मेरो मञ्जुरी छ।

मिति.............. ................

दा. बा. (दस्तखत)

औँठाको छाप/संगठित संस्था भए संस्थाको छाप पूरा नाम थर:

पूरा ठेगाना :

माथि उल्लेख भए बमोजिम ...... नगरपालिका वडा नं....., ....... टोल बस्ने ...... वर्ष .......... नागरिकता नं. को वारेस भै काम गर्न मलाई मन्जुर छु ।सो काम म इमान्दारीपूर्वक गर्नेछु । म वारेस हुन कानुन बमोजिम योग्य रहेको छु ।

मिति.............. ...............

दा. बा. (दस्तखत)

औँठाको छाप पूरा नाम थर:

प्रमाणीकरण मिति :- २०७७/११/१० पूरा नाम ठेगाना:

आज्ञाले : कुमार प्रसाद कोइराला

प्रमुख प्रशासकीय अधिकृत